संघिय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ।

वार्षिक, अर्द्धवार्षिक वा त्रैमासिकमा ७५ प्रतिशतसम्म छुट छ।

सम्पर्क: ९८५२८३५८८८

■ बर्ष-१६, ▸▸ अंक २९१ ▸▸ वैशाख २८ गते मंगलबार,२०७८, May-11 Tuesday, 2021, यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

महिला भर्सेज पुरुष । रौतामाई गाउँपालिका ५ आँप्टार मझौलेका स्थानीय महिलाहरु पुरुषसँग भलिबल प्रतिस्पर्धा गर्दै । *तस्बिर - बिधायक राई ।*

सस्तोमा गिफ्टका सामान र गुडीया तालिम

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ।

खुवालुङ गुडीया सप्लायर्स

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड

प्रोपाईटर :- एनुका राई

सम्पर्क :- ९८१५७७१०५२

उदयपुरमा कोविड कहर

६० नयाँसहित २३९ संक्रमित

❖ रेनुका राई

उदयपुर, वैशाख २७

उदयपुरमा कोविड संक्रमित संख्या फेरि बढेको छ। अघिल्लो दिन १ सय ७५ रहेको संख्या सोमबार ६० थपिएर २ सय ३९ पुगेको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ।

स्वास्थ्य कार्यालयका तथ्यांक शाखाका अनुसार महिला ३३ र पुरुष २७ नयाँ संक्रमित थपिएसँगै कुल महिला संक्रमित १ सय ३ र पुरुष संक्रमित १ सय ३५ पुगेको हो। तथ्यांक अधिकृत उमेश लुईटेलले सोमबार थपिएको संक्रमित संख्या अहिलेसम्मकै सबभन्दा बढी हो। यसअघि दिनमा ३३ जनासम्म देखिए पनि यति धेरै संक्रमित कहिल्यै देखिएका छैनन्।

सातादिनअघि मंगलबार ३३ संक्रमित देखिएका थिए। मंगलबार २७, बुधबार २३, शुक्रबार १६, शनिबार २७ र आईतबार ४ जनामा संक्रमण पुष्टि भएको थियो। लुईटेलले ६० जना संक्रमितको तथ्यांक सोमबार अद्यावधि गरिए पनि यसमध्ये ३२ जना आईतबारै पुष्टि भएका संक्रमित भएको बताए। बेलका नगरपालिका ४ मा अघिल्लो दिन ३२ संक्रमित एउटै वडामा देखिएका थिए। तर, अद्यावधि भने सोमबार मात्र गरिएको लुईटेलले बताएका छन्।

सोमबार देखिएका संक्रमितमध्ये त्रियुगा नगरपालिकामा ६ महिलासहित १८ जना छन्। बेलकाका ४, कटारीका २ र चौदण्डीगढीका १ संक्रमित रहेको लुईटेलले बताएका छन्। सोमबारका संक्रमितमध्ये ३ वर्षीय बालकदेखि ७० वर्षीय बृद्धसम्म छन् भने ३ वर्षीय र १० वर्षीय दुईबालक तथा ८, ११ वर्षीया दुई बालिकासमेत संक्रमित भेटिएका छन्। अन्य संक्रमित १९ देखि माथिका छन्।

स्थानीय उत्पादन उपयोग गरौं,
रौता साबुन नै प्रयोग गरौ !

हामी सबैको
रोजाइ रौता साबुन

रौतामाई साबुन र सर्फ उद्योग
त्रियुगा न.पा. ११, फुलचोक,
गाईघाट
सम्पर्क नं.
E-mail:- rautamaisoap@gmail.com

रौता पानी
शुद्ध खानेपानी

पवित्र रौता पोखरीको मुहान त्रियुगा नदीबाट उत्पादित शुद्ध मिनिरल वाटर

रौता पानी

सँधै सबैले प्रयोग गरौं !

अटोले देबिकालाई दिएको खुसी

❖ **मनिताकुमारी राई**

त्रियुगा नगरपालिका ११ गाईघाट उदयपुरकी देबिका सार्कीले अटो चलाउन सुरु गरेको ५ वर्ष भयो । अटो चलाउन सुरु गर्नु अघिसम्म साइकल चलाउन समेत उनलाई आउँदैनथियो ।

विगत ५ बर्षदेखि देबिका अटोसँग आफ्नो दैनिक आवश्यकतालाई पुरा गर्दैछिन्। गाईघाटमा पहिलो महिला अटो चालक पनी उनि नै हुन्। अटो चलाउँनु अघिसम्म उनि एउटा नीजि विद्यालयमा सहयोगिको रुपमा काम गर्थिन ।

श्रीमानले साथ,सहयोग नगरेकै कारण उनी अटो चलाउँन तिर लागिन । उनको २ छोरी र १ छोरा पनि छ । दुई छोरी र १ छोराको पालनपोषण, शिक्षाका लागि खर्च अहिले अटो चलाएर देबिका जुटाउँछिन् । बिहान देखि बेलुकासम्म अटो चलाउँदा देबिका दैनिक २ हजार देखि २५ सय सम्म कमाउँछिन्। देबिकाले उदयपुर गाईघाटमा अटो चलाउँन सुरु गरेपछि उनी जस्तै अटो चलाउने महिलाको सङ्ख्या गाईघाटमा ५ पुगेको छ । गाईघाटमा अटोको सङ्ख्या दैनिक बढेको बढेकै छ। देबिकालाई अटो चलाउन भने उनको भाईले दुई दिन लगाएर सिकाएका हुन्। अटो पनि देबिकालाई उनकै भाईले श्रृणमा दिएका हुन्। अटो चलाउने पुरुषको दबदबा गाईघाटमा छ। यस्तै भिडमा देबिकाले अटो चलाएर आफ्नो दैनिकि सहज बनाएकी छिन् ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसगैं जोडिएको ।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।

गिरिबन्धु रि. प्लाष्टिक उद्योग
त्रि.न.पा. ३, मोतिगढा, उदयपुर
ISO 9001:2015 चिन्ह बाट प्रमाणित
फो.नं.:- ९८५२८३२१०१
प्लाष्टिक, प्लाष्टिक, खाने पानी तथा सिचाईको लागि NS(Q) क्वालिटिका
देखि२५० एम.एम. सम्म कालो HDPE पाईपहरु तयार गरिन्छ ।

चोयु हिमालयन

चोयु हिमालयन नुडल्स तथा सस उद्योग

शुद्ध मैदाबाट बनाइएको थुप्पा चाउचाउ

त्रियुगा न.पा. - ३, भुल्के, उदयपुर
मोबाइलः- ९८१६७००३०५,
९८४९५३२२१५

मुलुकी दैनिक

मुलुकी www.majhkharka.com / mulukikhabar.com

सोमबार गाईघाटमा बजारमा तरकारीको मूल्य

१,	आलु	रु ३० (**प्रति केजी**)
२,	अदुवा	रु १००
३,	टमाटर	रु ३०
४,	बन्दा	रु ४०
५,	भेन्टा	रु ४०
६,	खुर्सानी	रु १००
७,	मुला	रु ६०
८,	पर्बल	रु १००
९,	तितेकरेला	रु ६०
१०,	भिन्डी	रु ५०
११,	च्याउ	रु २००
१२,	फुलकोबी	रु १००
१३,	फर्सि	रु ३०
१४,	कटहर	रु ६०
१५,	काका	रु ४०
१६,	धनियाँ	रु १५०
१७,	लोकलबोडि	रु ८०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु ८०
२०,	लट्टे साग	रु ४०
२१,	प्याज	रु ५०

नोट: *तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ।*

VIRGIN
GOLD
PREMIUM BLENDED MALTS
टि.टि सप्लायर्स
गाईघाट


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक संदेश

नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो
श्वास प्रश्वासमा आत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने
यदि फ्लु जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अन्डा राम्रोसँग पाकेको मात्र खाने

कटारी नगरपालिका कार्यालय
कटारी, उदयपुर

गाईघाटे सेकुवा कर्नर
गाईघाट सेकुवा कर्नर
गाईघाटे सेकुवा कर्नर

देव इलेक्ट्रीकल सेन्टर, गाईघाट उदयपुर

हाम्रा सेवाहरु:
यहाँ बिजुली बती, सिलिङ / टेबल पंखा, राईसकुकर र प्लम्बीङ्गका सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाउनुका साथै हाउस वायरिङ पनि गरिन्छ ।
साथै, इलेक्ट्रीक सम्बन्धी सम्पूर्ण सामानको मर्मत समेत गरिन्छ ।

स्थान : त्रिनपा-११ गाईघाट उदयपुर
(युनिभर्सल स्वीमिङ पुल छेउ) असारी रोड

सोधै सम्पर्कका लागि..
9861967839

प्रोपाईटर
देवचरण चौधरी

सुपर लिगको समुह चरणः एक बिबेचना

❖ **बिबेक राई**

गाईघाट, बैशाख २७

खुकुरी सुपर लिगको प्लेअफ चरण अर्थात नकआउट खेलहरु आजबाट सुरु हुँदैछ। शिर्षास्थानको काठमाडौँ रेजर्स एफसीले दोस्रो स्थानको धनगढी एफसीसँग साँझ ५:३० बजे प्रतिस्पर्धा गर्दैछ। विजयी टोली सोझै फाइनलप्रवेस गर्नेछ। पराजितहुने टोलीले थप एक मौका पाउनेछ। समुह चरणमा पहिलो वा दोस्रो हुन सक्नेले पाएको सुनौलो अवसर हो यो। तेस्रो स्थानको ललितपुर सिटि एफसीले चौथो स्थानको बुटवल लुम्बिनी एफसीसँग बुधबार प्रतिस्पर्धा गर्नेछ।

Khukri
goal nepal.com

विजयी हुनेले पहिलो र दोस्रो स्थानबीचको पराजित टोलीसँग फाइनल प्रवेशको लागि थप अर्को प्रतिस्पर्धा गर्नेछ। यी त भए आजदेखि सुरु हुँदै गरेका प्लेअफका खेलका कुरा। अब कुरा गरौँ सुपर लिगका सुरुदेखि अन्तिमसम्मका समुह चरणका कुरा। सुपर लिगको आयोजना नेपालकै सबैभन्दा धनी चौधरी ग्रुपको स्वामित्वमा रहेको नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्टले गरेको थियो। प्रतियोगिताको लागि सम्पूर्ण प्राविधिक सहयोग एन्फाले दिएको थियो।

धेरै पहिलेदेखि नेपालमा पनि फ्रेन्चाइज लिग आयोजना गर्ने कुरा चलिरहेकै थियो। कोरना माहामारीले विश्वमै धेरै क्षेत्र प्रभावित भइरहेको बेला नेपाली फुटबल पनि प्रभावित भयो। ए डिभिजन लिग पनि हुन नसकेको अवस्थामा आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट जोखिमकाबीच अघि बढ्यो। बिनादर्शक लिग सञ्चालन गऱ्यो। बीचमा राजधानीलगायत देशका धेरै ठाउँमा निषेधाज्ञा लागू भए पनि सुपर लिग चलिरह्यो।

उसो त प्रतियोगिताको बीचमा एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पाले लिग सञ्चालन नरोकिनुमा अनुमती दिने जिल्ला प्रशासन कार्यालयदेखि लिएर नेपाल सरकारको क्याबिनेट बैठकसम्मलाई धन्यवाद पनि दिए। नेपाली फुटबल जगतमा नेपालमै पहिलो पटक आयोजना भएको यस फ्रेन्चाइज लिगमा सात टोलीले सहभागिता जनाए। सिंगल राउण्ड रोबिन लिग पद्धति अनुसार खेलाइएको समुह चरणमा सबै टोलीले एक अर्कासँग प्रतिस्पर्धा गर्दा हरेक टोलीले ६/६ खेल खेले।

समुह चरणमा भएको २१ खेलमा हरेक खेलमा नै दुई विधामा पुरस्कार दिइयो। हुवावे सुपर प्लेयरले ट्रफी र २५ हजार अनि निभियाइमर्जिङ प्लेयरले गिफ्ट ह्याम्पर र १० हजार पाए। जम्मा भएको ५० गोलको प्रति खेलको औसात गोल दर हेर्दा प्रति खेल २.३८ गोलदर हुन आउँछ। समुह चरण सकिदासम्म चितवन एफसीबाहेक सबै टोलीले प्रतिस्पर्धात्मक सहभागिता जनाए। ती टोलीहरुका समुह चरणअन्तर्गतका केहि प्रदर्शनका कुराहरु।

बिराटनगर सिटि एफसी :

लिग सुरु हुनुअघि कागजमा हेर्दा बिराटनगरलाई धेरैले बलियो टोली मान्यो। भारतीय प्रशिक्षक यानललाई भित्राएर हौसिएको टोलीले नभन्दै आफ्नो पहिलो खेलमा अर्को बलियो मानिएको टोली धनगढिलाई ३/० को फराकिलो अन्तरले हरायो। देशको पुर्वि भागबाट सुपर लिगमा भाग लिने एकमात्र टोली भएर पनि होला बिराटनगरलाई लिगमा पुर्वको शान पनि भनिएको थियो। शानदार जीतबाट लिगको सुरुवात गरे पनि बिराटनगर समुह चरणबाट नै बाहिरियो।

जर्सीको सर्ट स्पोन्सरमा जानकी पानी ट्यांकीको साथ पाएको बिराटनरले पहिलो खेलपछि भने लय गुमायो। दोस्रो खेलमा पोखरा थण्डर्ससँग प्रतिस्पर्धात्म्क रुपमा १-० ले पराजित हुन पुग्यो। तेस्रो खेलमा बुटवलसँग २-२ को बराबरी र चौथो खेलमा चितवनलाई २-० ले पराजित गर्दै बिराटनगरले फेरि लय समातेको थियो। तर पाँचौं खेलमा आएर काठमाडौँसँग ५-४ ले पराजित हुन पुग्यो। डिफेन्डर रञ्जित धिमाललाई कप्तान तथा मार्की प्लेयरको रुपमा भित्राएको बिराटनगरसँग शिर्ष चारमा पुग्नुलाई आफ्नो अन्तिम खेल एक मौकाको रुपमा अझै बाँकी थियो।

तर ललितपुरसँग बराबरि मात्र खेल्दा पनि हुने खेलमा बिराटनगर लज्जास्पद रुपमा ४-० ले पराजित हुँदै समुह चरणबाट बाहिरियो। त्यसबाहेक दुई गोलले पछि परेको अवस्थामा रेफ्रीको निर्णयमा असहमति जनाउँदै आफ्ना खेलाडीलाई मैदान बाहिर निकाल्नु बिराटनगरको अर्को लज्जास्पद निर्णय देखियो। तर विदेशी खेलाडी पेड्रो माञ्जी अनि केहि सेकेण्डपछि सन्तोष तामाङ भने मैदानमा नै रहे। पछि आयोजकको आग्रहमा बिराटनगरले बाँकी खेलाडीलाई मैदान पठाउँदै खेलको बाँकी समय खेलेको थियो।

बिराटनगरले यस कार्यको लागि माफी मागिसकेका छ। रेफ्रीको निर्णयप्रतिको असन्तुष्टि भने कायमै राखेको छ। त्यसबाहेक यस कार्यमा खेलाडीको कुनै दोष नभएको र खेलाडीलाई कुनै कारवाही नगर्नु अनुरोध गरेको छ। बढिमा तीन विदेशी खेलाडी राख्न पाउने लिगको नियम अनुसार स्पेनको पेड्रो माञ्जी, नाइजेरियाका एडेलेजा ओलुवान्मी सोमिडे र क्यमरुनका अलरिच सिवे भए पनि बिराटनगरले समुह चरण पार गर्न सकेन।

चार गोल गरेका पेड्रो लिगको सर्वाधिक गोलकर्ताको सूचीको दोस्रो स्थानमा छन्। त्यसबाहेक सन्तोषले तीन र एडेलेजाले दुई गोल गरेका छन्। समुह चरणमा सबैभन्दा बढि ११ गोल गर्ने बिराटनगर एकमात्र टोलीहो। गाईघाटका सुनिल खड्का र दक्षिण कोरियाका एनआरएन खेलाडी मनिष डाँगीसमेतले बिराटनगरबाट खेलेका थिए।

एफसीचितवनः

नेपालकै चर्चित आईएमई ग्रुपको स्वामित्वमा खेलेको चितवनले सुपर लिगमा खासै प्रभावपार्न सकेन। भरत खवास जस्तो चर्चित खेलाडीलाई कप्तान तथा मार्की प्लेयरको रुपमा भित्राएको चितवनले समुह चरणको छ खेलमा दुई बराबरी र लिगमै सबैभन्दा बढि चार हार गरेर जम्मा दुई अंक मात्र जोड्यो। उसो त लिग चल्दै गर्दा कप्तान घाईते हुनु, कप्तानका भाइ डिफेन्डर विकास खवास पनि घाइते हुनु चितवनलाई ठुलो घाटा भयो।

विकासको ठाउँमा फरवार्ड जर्जप्रिन्स कार्की ल्याए पनि खासै जम्न सकेनन्। इजिप्टका इल सायद शावन, अहमदबोगी र फ्रान्सका गोरान जर्कोभिक ल्याए पनि चितवन अन्ततः एउटै खेल नजीति बाहिरियो। बाहिरिदा पनि चितवनको प्रदर्शन यति खराब रह्यो कि एक खेल अगावै बाहिरिने पहिलो टोली बन्यो। लिग वजेताले ३५ लाख र उपविजेताले १५ लाख पाउनेछ।

काठमाडौँ रेजर्स एफसी :

उद्घाटन खेलमा ललितपुरलाई १-० ले हराउँदै लिगको सुरुवात गरेको काठमाडौँले समुह चरणको अन्तिम खेलमा पनि चितवनमाथि २-१ को जित निकालेको थियो। संयोग कस्तो रह्यो भने पहिलो खेलको गोलकर्ता विदेशी खेलाडि मेसुके ओलुमु अन्तिम खेलमा पनि गोल गर्न सफल भए। उनी पाँचगोल गरेर शीर्ष गोलकर्ताको सूचीमा पहिलो र एकमात्र खेलाडी हुन्। स्पोन्सरको रुपमा यामाहा रेजेडआर स्कुटीको साथ पाएको काठमाडौँ एक खेल अगाडि नै शीर्ष चारमा स्थान बनाउन सफल भएको थियो।

ललितपुर सिटि एफसी :

भाटभटेनी सुपर मार्केटको स्वामित्वमा लिग खेलेको ललितपुरको सुरुवाती यात्रा खराब रह्यो। दुई खेल बाँकी रहँदासम्म जीतविहिन भएपछि क्लबले नियमित प्रशिक्षक प्रदिप हुमागाइँलाई बर्खास्त गर्ने निर्णयसमेत गऱ्यो। निर्णय थाहा पाउन साथ हुमागाइँले चलाखिपूर्ण राजीनामा दिए। त्यसपछि पुर्व राष्ट्रिय खेलाडी सहायक प्रशिक्षक राजुता माङले बाँकीदुई खेल जिताउँदै क्लबलाई शीर्ष चारमा पुऱ्याए।

पोखरा थण्डर्स :

हुण्डाइ र शिखर इन्स्यूरेन्स स्पोन्सरको साथ पाएको पोखराले छ खेलमा दुई जीत दुई हार र दुई बराबरी खेल्यो। साग स्वर्ण पदक जीत्दाको सदस्य मानबहादुर तामाङ, राष्ट्रिय टोलीका पूर्व कप्तान अनिल गुरुङलाई कप्तान, नवयुग श्रेष्ठलाई मार्की प्लेयर, विदेशी खेलाडीको रुपमा क्यामरुनका मौसा अब्बा, केचा यानिक र विडियस रिम राफेलजस्ता खेलाडीको साथ भए पनि पोखरा शीर्ष चार पुग्नु असफल रह्यो।

बुटवल लुम्बिनीएफसी :

पोखरालाई पहिलो खेलमा नै २-० ले हराउँदै लिगको सुरुवात गरेपनि बुटवललाई शीर्ष चार पुग्नु अन्तिम खेलसम्म पर्खनु पऱ्यो। अन्तिम खेलमा धनगढिलाई मुस्किलले १-० ले पराजित गरेपछि बल्ल शीर्ष चार पुग्न सफलभयो। उसो त पोखरासँग समान आठ अंक भए पनि हेड टु हेड नियममा बुटवल बाजी मार्न सफल भयो। म्यानेजरमा राजुकाजी शाक्य, प्रशिक्षकमा सनोज श्रेष्ठ भएको बुटवल शीर्ष चार पुग्ने अन्तिम टोलीहो।

धनगढि एफसी :

प्रशिक्षक युगलकिशोर राईको धनगढिले हारबाट लिगको सुरुवात गरेर समुह चरणको अन्त्य पनि हारबाट नै गऱ्यो। तर पनि बीचका खेलमा यति राम्रो प्रदर्शन गऱ्यो कि शीर्ष चारमा पुग्ने पहिलो टोली बन्यो त्यो पनि एक खेल खेल्नु अगाडि नै। तीन विदेशी खेलाडी राख्नु पाउने नियममा एक खेलाडीको कोटा कटौती गर्दै धनगढिले किरण लिम्बूलाई आइकनिक प्लेयरको रुपमा भित्राएको थियो। टोलीको मार्की प्लेयर भने विशाल राई हुन्।

माझखर्क साप्ताहिकभित्रको सह प्रकाशन
मुलुकी
प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट